# अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ बजेट बक्तव्य

आर्थिक वर्ष २०७५/७६ को बजेट तथा कार्यकम तर्जुमा गर्दा नेपालको संविधानको भावना र मर्म, वजेट तर्जुमा दिग्दर्शन २०७४ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट जारी गरिएको स्थानीय तहमा बजेट तर्जुमा, कार्यविधि, नेपाल सरकार र २ नं. प्रदेश सरकार को २०७५/७६ को नीति तथा कार्यक्रम, बजेट बक्तव्यलाई मूल आधार लिएको छु।

मैले बजेटमा कार्यकमहरु प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएका मौलिक हकहरु, राज्यका निर्देशनहरु, सिद्धान्तहरु यस अधिवेशनमा पेश हुने विनियोजन ऐन, आर्थिक ऐनका सिद्धान्तहरु, वडा भेलाका क्रममा आम गाउँपालिकावासीहरुवाट प्राप्त राय, सल्लाह र सुझाव तथा वडा समितिले प्राथमिकीकरण गरेका योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शनका रुपमा लिएको छु। वार्षिक बजेट तथा कार्यकम तय गर्दा महिला, बालबालिका, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा पिछडिएको वर्ग र क्षेत्र, दलित र अल्पसंख्यकमा लक्षित कार्यकमहरुलाई उच्च प्राथमिकतामा राखेको छु।

**सोच** : भौतिक पुर्वाधार सहित सांस्कृतिक रुपमा मौलिक, उत्कृष्ट पर्यट्कीय गाउँपालिका बनाउने।

**लक्ष्य** : आन्तरिक राजस्वको बृद्धि गर्दै मानविय तथा भौतिक, आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित रहने।

**उदेश्य** : विकासका लाभ उपयोग गर्न सक्षम बनाई जनताको जीवनस्तरमा सुधार ल्याउने।

**अध्यक्ष महोदय**

**अव यिनै सोच, लक्ष्य र उद्देश्य अनुरुप अग्नीसाइर कृष्णासवरन गाउँपालिका क्षेत्रलाई सुन्दर समुन्नत र समृद्ध बनाउन देहाय बमोजिमका बजेट तथा कार्यक्रमहरु पेश गरेको छु।**

अध्यक्ष महोदय

अब म बजेटको विवरण प्रस्तुत गर्दछु।

अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आ.व.२०७५।७६ को कुल बजेट ३७ करोड ५० लाख १६ हजार रहेको छ। कुल बजेटको चालु तर्फ २४ करोड १ लाख १९ हजार (६४.०३%) र पूँजिगत तर्फ १३ करोड ४८ लाख ९७ हजार (३५.९७%) रहेको छ।

चालु खर्चमा नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा शिक्षा, स्वास्थ्य, आयुर्वेद, कृषि, पशु तर्फको १० करोड ३ लाख, सामाजिक सुरक्षा तर्फको ४ करोड ५० लाख समेत समावेश गरिएको छ। अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको कुल आन्तरिक आम्दानी आर्थिक वर्ष २०७५/०७६ को अन्त्य सम्म ८५ लाख पुग्ने प्रस्ताव गरिएको छ।

Scanned by CamScanner

**मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु :**

**अर्थिक विकास** तर्फ कृषि पशु विकास, उद्योग र पर्यटन लगायतका विभिन्न योजनाहरु समावेश गरिएको छ । कृषि क्षेत्रमा ४० लाख, पशु क्षेत्रमा ३० लाख विनियोजन गरिएको छ । साना सिंचाई विशेष कार्यक्रम, पावर टिलर वितरण, कृषि सिंचाई सोलार पम्प अनुदानमा वितरण गर्ने व्यवस्था मिलाएको छु । महिला स्वम सेविकाहरुलाई यातायात खर्च, व्याग, छाता र मोवाईल खर्च समेतको लागि बजेट विनियोजन गरेको छु । कजलादह पर्यटकीय स्थल निर्माणको लागि ३० लाख छुट्याएको छु । पर्यटकीय क्षेत्र अग्नीसाइर मन्दिर जाने सडकको लागि १० लाख विनियोजन गरेको छु । विभिन्न मठ मन्दिर र मस्जिद कवरिस्तानको लागि बजेट विनियोजन गरेको छु । पिकनिक स्पोर्ट निर्माणको लागि १० लाख विनियोजन गरेको छु । बजार विस्तारको लागि महुली कम्पलेक्स निर्माण कार्यमा थप २० लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास** तर्फ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई लगायत लैङ्गिक समानता र सामाजिक समावेशिकरणको लागि महिला, दलित, जेष्ठ नागरिकहरु लगायतको क्षेत्रमा विभिन्न योजनाहरुमा बजेट विनियोजन गरेको छु । महिला बालबालिका तथा सम्पूर्ण लक्षित वर्ग मधेशी, मुस्लिम, आदीवासी जनजासत, असक्त अपाङ्ग, जेष्ठ नागरिकलाई लक्षित गरि करिब १ करोड विनियोजन गरेको छु । शैक्षिक विकास कार्यक्रमको लागि र विद्यालयको स्तर उन्नतिको लागि ६० लाखको स्थानीय आवश्यता सहित शिक्षा क्षेत्रमा ५ करोड भन्दा बढी विनियोजन गरेको छु । गाउँपालिका भरिका विरामीहरुको स्वास्थ्य संस्थासम्म सहज पहुँचका लागि एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था गरेको छु । गाउँपालिका भित्र एक स्वास्थ्य प्रयोगशालाको संचालनको व्यवस्था मिलाएको छु । वडा नं. ६ मा स्वास्थ्य चौकी संचालनको लागि ६ लाख विनियोजन गरेको छु । स्वास्थ्य क्षेत्रमा कुल बजेट मध्ये करिब ३ करोडको हराहारीमा बजेट विनियोजन गरेको छु । बृद्धाश्रम भवन निर्माण कार्यमा थप २५ लाख विनियोजन गरेको छु । गाउँपालिका भित्र खेलकुदको लागि बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकास** तर्फका लागि स्थानीय सडक, पुल पुलेसा, सिचाई, विद्युत र संचारका लागि विभिन्न योजनाहरुमा यथेष्ट बजेट विनियोजन गरेको छु । गाउँपालिका स्तरीय सडक विस्तारको लागि विभिन्न वडाहरु जोडने २ ओटा सडकको लागि २ करोड विनियोजन गरेको छु । **घरमा वत्ती , खेतमा सिंचाई, विद्युतीकरणको मुख्य अभिप्राय** को उदद्देश्य सहित विद्युतीकरण विस्तारको लागि १ करोड विनियोजन गरेको छु । सितापुर कलोनीमा मर्मत कार्य हुँदै गरेको गाउँपालिका भवनमा थप बजेट विनियोजन गरेको छु ।

**वातावरण तथा विपद व्यवस्थापन** विपद् व्यवस्थापनको लागि २५ लाख विनियोजन गरेको छु । वन तथा भु संरक्षण बृक्षारोपन कार्यक्रम समेतमा बजेट विनियोजन गरेको छु ।

Scanned by CamScanner

**सुशासन तथा संस्थागत विकास एवं सेवा प्रवाह** तर्फ **सुशासनको लागि न्यायीक अभियान** अन्तर्गत न्यायीक समितिको लागि १५ लाख विनियोजन गरेको छु । सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगको लागि बजेटको व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७५।०७६ को नीति बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विवरण, राजश्व तथा अनुदानको प्राप्तिको अनुमान, व्यय अनुमान, वार्षिक विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रम लगायतका वार्षिक योजनालाई अनुसूचिहरुमा राखी पेश गरेको छु ।

अन्त्यमा यो नीति बजेट तर्जुमा तथा कार्यक्रमहरु तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने सबै प्रति आभार प्रकट गर्दै सफल कार्यान्वयनको कामना गर्दछु ।

धन्यवाद ।

मिति : २०७५/०३/३० गते

Scanned by CamScanner